# ECHO OF HIS CALL

ECHO OF HIS CALL
REACHING NATIONS
SINCE 1969
1969 TO 2029

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKOTA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXV | YEAR OF OUR LORD JESUS CHRIST, 2025 OCTOBER | No. 10


## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

### भजनसंग्रह २९:१-९

१. हे परमेश्वरका बलिष्ठ हो, परमप्रभुकै गुणानुवाद गर, परमप्रभुलाई महिमा र शक्तिको श्रेय देओ।

२. परमप्रभुको नाउँलाई सहाउँदो महिमाको श्रेय उहाँलाई देओ। उहाँको पवित्रताले सुशोभित भएर परमप्रभुको आराधना गर।

३. परमप्रभुको वाणी पानीहरूमाथि छ, महिमाका परमेश्वर गर्जनुहुन्छ, परमप्रभु शक्तिशाली पानीहरूमाथि गर्जनुहुन्छ।

४. परमप्रभुको वाणी शक्तिशाली छ, परमप्रभुको आवाज प्रतापी छ।

५. परमप्रभुको आवाजले देवदारुहरू भाँचिन्छन्। परमप्रभुले लेबनानका देवदारुहरू टुक्रा-टुक्रा पार्नुहुन्छ।

६. उहाँले लेबनानका पर्वतहरूलाई बाछालाई जस्तै र सिरिओन पर्वतलाई जङ्गली साँढेजस्तै उफ्रँनुहुन्छ।

७. परमप्रभुको वाणीले बिजुलीका चमकसहित प्रहार गर्छ।

८. परमप्रभुको वाणीले मरुभूमिलाई हल्लाउँछ, परमप्रभुले कादेशको मरुभूमिलाई कम्पित पार्दछ।

९. परमप्रभुको वाणीले फलाँटका रूखहरूलाई बङ्ग्याइदिन्छ र जङ्गल लाछलुछ पारेर उजाड तुल्याउँदछ। अनि उहाँको मन्दिरमा सबै महिमा भन्दै कराउँछन्।

# तपाईंको आशिषित भविष्यका सात रहस्यहरु

SEVEN SECRETS of your blessed future!!




**बहिनी एन्जल**



हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको नाउँमा अभिवादन। हरेक महिना **बोलावटको प्रतिध्वनि** समाचारपत्रबाट तपाईंलाई भेट्ने कुराले मलाई अत्यन्तै ठूलो आनन्द दिन्छ। परमेश्वरको अनुग्रहद्वारा तपाईंले राम्रो गरिरहनुभएको छ भनेर म आशा र भरोसा गर्दछु। अहिले हामीमध्ये केहीले राम्रो महसुस नगर्नुभएको हुन सक्छ तर वास्तवमा तपाईंले पढ्नको लागि यो समाचार पत्र समात्नु भनेको विश्वासको कदम हो। याद राख्नुहोस्- परमेश्वरमा अझै पनि नियन्त्रण छ। उहाँले यो पूरा भयो नभन्नुभएसम्म त्यो पूरा हुँदैन।

गत केही हप्तादेखि मेरो हृदयमा निरन्तर आफैंलाई जोगाओ भन्ने वाक्यांश आइरहेको छ। मैले यसको बारेमा अध्ययन गर्न र मनन गर्न सुरु गरें र म तपाईंसँग ती विचारहरूमध्ये केही बाँड्न चाहन्छु।

आफैंलाई जोगाउनु भनेर बाइबलले हामीलाई बताउँछ। जोगाउनुको अर्थ, सुरक्षा गर्नु, जागा रहनु, सावधान रहनु र हाम्रो वरिपरि के भइरहेको छ भनेर सजग रहनु हो। हामीले आफैंलाई जोगाउनुपर्ने केही महत्वपूर्ण क्षेत्रहरूमा हामीले हेरौं।

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

**तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ।**

**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान २ बजे देखि**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

* Please Subscribe and Share *

ECHO OF HIS CALL
REACHING NATIONS
SINCE 1969
1969 to 2029

# बोलावटको प्रतिध्वनि - (Marching towards 60th year)



## तपाईंको प्रिय भाइबाट....



### हाम्रो मिसन नीति

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

HON. EDITOR-IN-CHIEF
Rev. Dr. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
EX MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM, MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.
EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858
95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.org
YOUTUBE CHANNEL
Echo of His Call

**...म अझै पनि उहाँको प्रशंसा गर्नेछु । उहाँ मेरा उद्धारक र मेरा परमेश्वर हुनुहुन्छ** (भजनसंग्रह ४२:११) ।

प्रभुमा प्रिय मित्रहरू,

हाम्रो मुक्तिदाता र प्रभु येशू ख्रीष्टको अमूल्य नाउँमा तपाईंलाई अभिवादन गर्दछौं।

हाम्रो चरित्रलाई अझ राम्रो बनाउन र हामीलाई उहाँमा अझ नजिक ल्याउनको निम्ति परमेश्वरले प्राय: हामीलाई कठिन अवस्थाहरूबाटठ हिँड्न अनुमति दिनुहुन्छ भन्ने कुरा सत्य हो । भजनसंग्रह ४२ अध्यायमा हामीले दाऊद यस्तै अवस्थाबाट गुज्रिरहेको देख्छौं। तिनी निराश भएको हृदयको साथमा पहाडबाट बेँसीमा, उजाडस्थानबाट नदी किनारमा र शान्तिको निम्ति आत्मासँग लड्दै भौँतारिरहेका थिए। तापनि, ती सबैको बीचमा पनि तिनले आफ्नो आत्मालाई परमेश्वरमा अझ गहन रूपमा भरोसा गर्न जोड दिएका थिए।

गहन विश्वास गर्नुको अर्थ पीडामा पनि परमेश्वरलाई प्रशंसा गर्नु, कोलाहलमा पनि उहाँमाथि विश्वास गर्नु, संघर्षको बीचमा पनि आनन्द गर्नु र अन्धकार रातमा पनि उहाँको सत्यतामा टाँसिनु हो। यो मेरो पनि व्यक्तिगत अनुभव हो र परमप्रभुले तपाईंलाई पनि यसैबाट सहायता गर्नुहुनेछ भनेर म विश्वास गर्छु।

आशा जरा हो भने प्रशंसा फल हो। प्रशंसा र आराधनाले हाम्रो विश्वासको जरालाई बलियो बनाउँछ। त्यसैले, तपाईंले निराशा सामना गरिरहनुभएको छ भने हरेस नखानुहोस्- तपाईंको आशामा हरेस नखानुहोस् । रोकिनुहोस् । नडराउनुहोस् । **परमेश्वरमा आफ्नो आशा राख्नुहोस् ।** तपाईंले सोध्न सक्नुहुन्छ, तर मैले कसरी परमेश्वरमा आशा राख्ने ? मेरो जवाफ सरल छ: दाऊदले गरेझैं गर्नुहोस्।

किनकि म अझै पनि उहाँको प्रशंसा गर्नेछु। रोगी अवस्थामा उहाँलाई प्रशंसा गर्नुहोस्। तपाईंले अत्याधिक आर्थिक कठिनाइ सामना गरिरहनुभएको भए पनि कृतज्ञताको साथमा उहाँको प्रशंसा गर्नुहोस्। उहाँले तपाईंलाई शर्ममा पार्न अनुमति दिनुहुनेछैन। हरेक थोक ठीक भएको अवस्थामा आराधना गर्न सजिलो हुन्छ- त्यो कृतज्ञता हो। तर तपाईंको विरुद्धमा हरेक थोक आइरहेको समयमा पनि परमेश्वरको आराधना गर्नुचाहिँ स्थिर आशाको चिन्ह हो। परमेश्वर यस्तो विश्वासमा आनन्द गर्नुहुन्छ।

दाऊदको जीवनमा यो सत्य थियो। परमेश्वरले तिनका शत्रुहरूलाई पराजित गर्नुभयो र तिनले गुमाएका सबै थोक पुनर्स्थापित गरिदिनुभयो। त्यस्तै कुरा अयूबसँग भएको थियो। अयूबले हरेक थोक गुमाए पनि अन्त्यमा परमेश्वरले तिनलाई दोब्बर भागको साथमा आशिष् दिनुभयो। पवित्रशास्त्रले भन्दछ... **परमप्रभुले अयूबको प्रार्थना ग्रहण गर्नुभयो** (अयूब ४२:९)। तामिल भाषामा अनुवाद भएको बाइबलले भन्दछ, **परमप्रभु परमेश्वरले अयूबको अनुहारमा हेर्नुभयो ।** कस्तो आशिषित अनुभव। सोही तरिकामा परमेश्वरले तपाईंको वास्ता गर्नुहुनेछ। आफ्नो आशा उहाँमा राख्नुहोस् र तपाईंले उहाँको भलाइ देख्नुहुनेछ।

परमेश्वरले हाम्रा सेवकाइहरूलाई प्रशस्त रूपमा आशिष् दिनुभएको छ। साँच्चै, **परमप्रभु मेरा गोठाला हुनुहुन्छ, मलाई केही कुराको अभाव हुँदैन** (भजनसंग्रह २३:१)। म विश्वास गर्छु, यो महिना परमप्रभुले तपाईं र मलाई यस्तो अनुग्रहको साथमा आशिष् दिनुहुनेछ कि हामीले आत्मविश्वासको साथमा घोषणा गर्न सक्नेछौं: अभाव हुने मानिसहरूका बीचमा हुनेछैनौं।

कृपया **बोलावटको प्रतिध्वनिका** सेवकाइहरूका निम्ति निरन्तर प्रार्थना गरिदिनुहोला र परमप्रभुले तपाईंलाई सक्षम बनाउनुभएअनुसार तपाईंको सहायता र सहकार्यको साथमा हामीलाई सहायता गर्नुहोला।
परमप्रभुले तपाईंलाई प्रशस्त आशिष् दिनुभएको होस्।

ख्रीष्ट येशूमा तपाईंको सेवक,

पा. एस. साम सेल्भाराज, इमेल: sam@echoofhiscall.org

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) YouTube Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

पृष्ठ १ बाट

## १. आफ्नो हृदयलाई सुरक्षित राख्ने:

**सबै कुराभन्दा बढी आफ्नो हृदयलाई सुरक्षित राख् किनभने त्यो सारा जीवनको मूल हो** (हितोपदेश ४:२३) ।

हृदयको निम्ति हिब्रू शब्द *लेब* हो, जसले हाम्रा भावना, विचार र अनुभवको कुर्सीलाई प्रतिबिम्बित गर्दछ । यही स्थानबाट नै हामीले सोच्छौं, तर्क गर्छौं र निर्णय लिन्छौं । त्यसकारण बाइबलले हृदयलाई सुरक्षा दिने कुरामा जोड दिन्छ- किनभने हाम्रो हृदयको अवस्थाले हाम्रो पूरै जीवनको दिशालाई निर्देशित गर्दछ ।

हामी को हौं भनेर हाम्रो हृदयले परिभाषित गर्दछ । हाम्रो मनुष्यत्वको सबैभन्दा जटिल अंग यही हो- बुझ्न कठिन र प्रायः हाम्रो आफ्नै पहुँचभन्दा बाहिर । त्यसकारण दाऊदले प्रार्थना गरे, हे परमप्रभु, मलाई खोजी गर्नुहोस् किनभने हृदय जटिल, छली र अनिश्चित छ । हाम्रो सृष्टिकर्ताले मात्रै यसलाई साँचो रूपमा खोजी गर्न सक्नुहुन्छ, त्यसका लुकिएका दुष्टतालाई बाहिर निकाल्न र शुद्ध गर्न सक्नुहुन्छ ।

परमेश्वरले हाम्रा हृदयका पापलाई मात्रै देख्नुहुन्छ तर त्यसले बोक्ने पीडा र दागलाई पनि देख्नुहुन्छ । भजनसंग्रहका लेखकले घोषणा गर्नुहुन्छ, **मलाई जाँच्नुहोस्, हे परमप्रभु र मेरो पारख गर्नुहोस्, मेरो मन र हृदय जाँच्नुहोस्** (भजनसंग्रह २६:२) । हाम्रा चाहना र कार्य सधैं एउटै हुँदैनन् । हामीले सही र शुद्ध भनेर देखेको कुरा परमेश्वरको नजरमा पूर्णरूपमा फरक हुन सक्छ किनभने परमप्रभुले आत्मालाई मूल्यांकन गर्नुहुन्छ ।

पवित्रशास्त्रले हामीलाई सम्झना दिलाउँछ, **हरेक मानिसलाई त्यसको चालअनुसार र त्यसको कर्मको फलअनुसार इनाम दिनलाई म परमप्रभु मानिसको हृदय तलाश गर्नु, त्यसको मनको म जाँच गर्छु** (यर्मिया १७:१०) । त्यसकारण, हाम्रा हृदयको प्रभावको बारेमा हामी सावधान हुनुपर्छ ।

बाइबलले हामीलाई जोड दिन्छ कि **सबै कुराभन्दा बढी आफ्नो हृदयलाई सुरक्षित राख् किनभने त्यो सारा जीवनको मूल हो** (हितोपदेश ४:२३) । त्यसै गरी हितोपदेश २३:७ ले हामीलाई सिकाउँछ, **मानिसले आफ्नो हृदयमा जे सोच्छ, त्यसले त्यही गर्दछ ।**

प्रिय परमेश्वरका सन्तानहरू, सामाजिक संजाल, तपाईंले पढ्ने पुस्तकहरू, तपाईंले हेर्नुभएको चलचित्रहरू वा साथीहरूसँग तपाईंले गर्नुभएका वार्तालापहरूबाट- तपाईंको हृदयमा के प्रविष्ट भएको छ भन्ने बारेमा सावधान र सजग हुनुहोस् । हरेक प्रभावले अर्थ राख्छ किनभने अन्त्यमा तपाईंको हृदयले तपाईंको जीवनको दिशालाई निर्देशित गर्दछ ।

## २. तपाईंको मुखलाई जोगाउनुहोस्

जब हामीले मुख भन्छौं, त्यसमा जिब्रो पनि समावेश हुन्छ- र यो अत्यन्तै शक्तिशाली हतियार हो ।

**...जिब्रो पनि एउटा सानो अंग भएर ठूला ठूला कुराको अभिमान गर्दछ । हेर, एउटा सानो आगोको फिल्काले ठूलो वन पनि स्वाहा पार्दछ । जिब्रो पनि एउटा आगो नै हो... यसले जीवनको सारा क्रममा नै आगो सल्काइदिन्छ...** (याकूब ३:५,६) ।

हाम्रो मुखबाट निस्केको बोलीले व्यक्तिलाई निर्माण वा तोड्न सक्छ । त्यसकारण, हाम्रो बोलीको शक्तिलाई बुझ्न महत्वपूर्ण हुन्छ ।

धेरै पटक, हामी रिसमा बोल्छौं र त्यसपछि यस्तो भनेर आफैंले क्षमा माग्छौं, मैले त्यस्तो भन्न खोजेको थिइनँ । धेरै पटक, हामीले प्रेम गरेका मानिसहरूबाट हामीले फाइदा लिन्छौं- हाम्रो रिस, तनाव र निराशाको निम्ति बाहिर निस्कने कुराको रूपमा तिनीहरूलाई प्रयोग गर्दै । दुर्भाग्यवश, यो प्रायः कठोर र चोटपूर्ण शब्दको रूपमा बाहिर आउँछ ।

फर्केर लड्न नसक्ने शक्तिहीन व्यक्तिप्रति हाम्रो रिस हामीले कति पल्ट गलत प्रयोग गरेका छौं ?

**बाइबलले हामीलाई चेतावनी दिन्छ**

**आफ्नो मुख र जिब्रा सम्हाल्नेले आफूलाई आपद्-विपद्बाट जोगाउँछ** (हितोपदेश २१:२३) । भजनसंग्रहका लेखकले सुन्दर प्रार्थना गरेका छन्, **हे परमप्रभु, मेरो मुखमा एउटा पाले राखिदिनुहोस्, मेरा ओठको ढोकाको रखवाली गरिदिनुहोस्** (भजनसंग्रह १४१:३) ।

हाम्रो प्रार्थना पनि यस्तै भएको होस् । हाम्रो मुखबाट बाहिर आउने हरेक शब्दमा हामीले मनन गरौं ।

## ३. तपाईंका कदमहरू जोगाउनुहोस्

**होसियारीसाथ जाऊ...** (उपदेशक ५:१) ।

हामीले लिने हरेक कदमले हाम्रो भविष्यले आकार लिन्छ । त्यसकारण, हामी सावधानीपूर्वक हिँड्नु महत्वपूर्ण हुन्छ- हाम्रा गोडा राखेको स्थान र हामी गाइरहेको दिशामा ध्यान दिएर ।

हामी कहाँ गएका छौं र हामी कुन उद्देश्यको निम्ति गएका छौं भन्ने बारेमा सचेत रहनु जरुरी हुन्छ । केवल एक कदमले हामीलाई परमेश्वरले चाहनुभएको कुराबाट टाढा लैजान सक्छ भनेर विचारै नगरी प्रायः हामीले आफ्ना शक्ति र कमजोरीलाई अनुमतिको रूपमा लिन्छौं । कहिलेकाहीं, फर्कनको निम्ति वर्षौं लाग्छ, अमूल्य समय खर्च गरेर र साथै आउने परमेश्वरको आशिष् हामीबाट खोसेर ।




## अत्यन्तै जरुरी सूचना

निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ । तपाईंले बिना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला ।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहयोगले हामीलाई सहायता गर्दछ ।

**हाम्रो ठेगाना:**

**बोलावटको प्रतिध्वनि**
10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India
Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org

त्यसकारण, हाम्रा योजना परमेश्वरमा सुम्पन र उहाँको चाहनासँग ती मिलाउनु बुद्धिमानी हुन्छ । किनकि हितोपदेश १६:९ ले हामीलाई सम्झना दिलाउँछ, **मानिसले आफ्नो हृदयमा आफ्नो बाँटो मिलाउँछ तर परमप्रभुले नै त्यसका कदमहरूको निर्धारण गर्नुहुन्छ ।** हाम्रो परमेश्वर अल्फा र ओमेगा हुनुहुन्छ- उहाँलाई विगत, वर्तमान र भविष्यको बारेमा थाहा छ । उहाँले हाम्रा दुवै सफलता र असफलता देख्नुहुन्छ । जब हामीले उहाँको हातमा हरेक थोक सुम्पन्छौं, उहाँका योजनाहरू सधैं असल छन् भनेर हामीले निश्चय गर्न सक्छौं किनभने उहाँले हामीलाई असाध्यै प्रेम गर्नुहुन्छ । उहाँले हाम्रो निम्ति आफ्नो जीवन दिनुभयो, बौरिउठ्नुभयो र अब उहाँको सर्वोच्चतामा भरोसा गर्न उहाँले हामीलाई बोलाउनुहुन्छ ।

हाम्रो प्रार्थना यही होस्: **तपाईंको वचनअनुसार मेरा पाइलाहरू स्थिर गरिदिनुहोस् र कुनै पापले ममाथि राजय गर्न नपाओस्** (भजनसंग्रह ११९:१३३) । मेरा सम्पूर्ण युवा साथीहरू, म तपाईंलाई बिन्ती गर्दछु- तपाईंको युवावस्थामा नै आफ्ना मार्गहरू परमप्रभुमा समर्पित गर्नुहोस् । तपाईंले त्यसमा कहिल्यै पछुताउनुपर्ने छैन ।

## ४. लोभको विरुद्ध जोगाउने

उद्देश्य र लोभको बीचमा एउटा पातलो रेखा छ । उद्देश्य स्वास्थ्य हुन सक्छ तर लोभ विनाशकारी हुन्छ । येशू आफैंले चेतावनी दिनुभयो, **होसियार रहो, सबै किसिमका लालचबाट जोगिने काम गर** (लूका १२:१५) ।

अक्सफोर्ड शब्दकोशले लोभलाई यसरी परिभाषित गर्दछ, धेरैभन्दा धेरै धनसम्पत्तिको अत्याधिक चाहना अथवा व्यक्तिलाई आवश्यकताभन्दा धेरै शक्ति वा आवश्यकताभन्दा धेरै खानेकुरा वा पेयपदार्थको बलियो । अत्याधिक, बलियो चाहना र आवश्यकताभन्दा धेरै भन्ने शब्दहरूमा ध्यान दिनुहोस् । यही कुराले उद्देश्यबाट लोभलाई अलग्याउँछ ।

बाइबलले हामीलाई सन्तुष्ट रहन सिकाउँछ, जुन लोभी हुनु वा निरन्तर धेरै चाहना गर्ने कुराको विपरीत हो । **तिमीहरूका जीवन रुपियाँपैसाको मोहबाट अलग्ग राख । तिमीहरूसँग भएका कुरामा सन्तुष्ट बस किनकि उहाँले भन्नुभएको छ, म तिमीहरूलाई कुनै रीतिले छोड्नेछैनँ, म तिमीहरूलाई त्याग्नेछैनँ** (हिब्रू १३:५) ।

हाम्रो सन्तुष्टिको आधार हाम्रो अघि हामीले चाहना गरेका हरेक थोक भएको भन्ने होइन । त्यसको साटो, यो परमेश्वरबाट आउँछ भनेर जान्नु हो, जसले सम्पूर्ण विश्व र यसमा भएका सम्पूर्ण सम्पत्ति आफ्नो हातमा राख्नुहुन्छ । उहाँमा हरेक अवस्था नियन्त्रण गर्ने र हाम्रो भलाइको निम्ति सम्पूर्ण थोकमा काम गर्ने शक्ति छ । उहाँले हामीलाई कहिल्यै पनि नछोड्ने नता त्याग्ने प्रतिज्ञा गर्नुभएको छ । उहाँले हामीलाई आधा बाटोमा कहिल्यै त्याग्नुहुनेछैन तर हामीलाई विश्वासयोग्य रूपमा हेर्नुहुनेछ- ताकि हामीले उहाँमाथि पूर्णरूपमा भरोसा गर्न सकौं ।

परमेश्वरले आफ्नो एक मात्र पुत्रलाई बाँकी राख्नुभएन तर पाप र श्रापको बन्धनबाट हामीलाई स्वतन्त्र बनाउन दिनुभएको थियो भने के हाम्रो जीवनमा आवश्यक भएका हरेक थोक उहाँले उपलब्ध गराउनुहुनेथिएन र ? **जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र ?** (रोमी ८:३२) ।

प्रिय दाजुभाइ तथा दिदीबहिनी, साहसी हुनुहोस् उहाँ यहोवा यिरे हुनुहुन्छ- हाम्रो जुटाउनुहुने परमेश्वर । महिमामा उहाँको प्रशस्ततामा हाम्रा आवश्यकताअनुसार उहाँले सबै उपलब्ध गर्न सक्षम हुनुहुन्छ । उहाँमा रहनुहोस्, उहाँमा भरोसा गर्नुहोस् र उहाँको स्वर्गीय प्रशस्ततामा उहाँले तपाईंलाई आशिष् दिनुहुनेछ ।

हामीले आफैंलाई जोगाउनुपर्ने सबैभन्दा ठूला खतराहरूमध्ये एकचाहिँ पैसाको मोह हो, **किनकि सबै दुष्टताको जरा पैसाको मोह हो...** (१ तिमोथी ६:१०) । पवित्रशास्त्रले हामीलाई सम्झना दिलाउनुहुन्छ, **जसले रुपियाँपैसाको माया गर्छ, त्यसलाई रुपियाँपैसाले कहिल्यै पुग्दैन । जसले धनसम्पत्तिको माया गर्छ, त्यो आफ्नो आम्दानीसँग कहिल्यै सन्तुष्ट हुँदैन...** (उपदेशक ५:१०) । सम्पत्तिमा आफ्नो हृदय लगाउनेहरू कहिल्यै पनि साँचो रूपमा सन्तुष्ट हुनेछैनन् ।

कृपया बुझ्नुहोस्- पैसा आफैंमा समस्या होइन । हामीलाई जिउन, मेहेनेत गर्न र हाम्रा परिवारको निम्ति उपलब्ध गर्न पैसाको आवश्यकता हुन्छ । तर हाम्रो आत्मिक जीवन, हाम्रो परिवार वा परमेश्वरको राज्यको निम्ति हाम्रो समर्पणताको मोलमा पैसाको पछि लाग्ने कुरा आउँछ भने त्यो डरलाग्दो बन्छ । तपाईंको जागिरले परमेश्वरसँग तपाईंको समय बलिदान गर्न, संगति बेवास्ता गर्न वा उहाँसँग तपाईंको हिँडाइमा सम्झौता गर्न माग राख्छ भने त्यो कामलाई प्रार्थनापूर्वक पुनःमूल्यांकन गर्ने समय भएको छ ।

## ५. तपाईंलाई सुम्पिएको कुरालाई जोगाउनुहोस्

**तिमोथी, जे तिमीलाई सुम्पिएको छ, त्यो सुरक्षित राख...** (१ तिमोथी ६:२०) ।

परमेश्वरले तपाईंलाई सुम्पिनुभएका थोकहरूका बारेमा सोच्नुहोस् । बाहिरी प्रभावबाट ती बचाउन सावधान हुनुहोस् । त्यो तपाईंको परिवार, तपाईंको जागिर, तपाईंको आर्थिक अवस्था, तपाईंको बोलावट, तपाईंको अभिषेक वा तपाईंको सेवकाइ हुन सक्छ- तपाईंको जीवनको साथमा ती सुरक्षित राख्नुहोस् ।

एउटा सिक्का पाएको नोकरजस्तो हामी नहोऔं । हाम्रो हातमा राखिएका कुराहरू हामीले गुणनात्मक रूपमा वृद्धि गरेको परमेश्वरले चाहनुहुन्छ । तपाईंसँग भएको कुरालाई जोगाउनुहोस् र विश्वासयोग्य भएर प्रयोग गर्नुहोस् । सोही समयमा, परमेश्वरले तपाईंलाई दिनुभएको कुरा हस्तान्तरण गर्नु पनि महत्वपूर्ण छ । पवित्रशास्त्रले भन्दछ, **...अरूहरूलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेऊ** (२ तिमोथी २:२) ।

प्रिय मित्रहरू, परमेश्वरले हाम्रो निम्ति के गर्नुभएको छ भनेर अरूलाई सिकाउन हामीलाई बोलाइएको छ- हाम्रा छोराछोरी, अर्को पुस्ता र हाम्रा वरिपरि भएकाहरूलाई । विरासत छोड्नुहोस्, जसले उहाँलाई निरन्तर महिमा गर्नेछ ।

## ६. राम्ररी पूरा गर्न र इनाम प्राप्त गर्न आफ्नो हिँडाइलाई बचाउनुहोस्

धेरै मानिसहरूले राम्रो सुरुवात गर्छन् तर बीच बाटोमा कतै तिनीहरूले आफ्नो मुख्य कुरा गुमाउँछन् । बलियो गरी पूरा गर्ने चाबी निरन्तरता हो । यो बाइबल पढ्ने, प्रार्थना गर्ने, सेवा गर्ने वा असल काम गर्ने जे भए पनि दिनदिनै विश्वासयोग्यताले अर्थ राख्छ ।

ख्रीष्टसँग आफ्नो हिँडाइलाई प्रेम गरेको तर त्यसलाई सन्तुलन कायम गर्न संघर्ष गरिरहेको भनेर बताउने एक जना जवानलाई मैले हालमा भेटेकी थिएँ । केही दिन उसले आफूलाई

बाँकी पृष्ठ ७ मा

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रशंसा र प्रार्थनाको बुंदाः अक्टोम्बर १९ देखि नोभेम्बर १८ सम्म

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)



## परमेश्वरलाई प्रशंसा गरौं...

अक्टोबर १९: विश्वभरि बाइबल र खीष्टियान साहित्य प्रकाशनमा संलग्न भएकाहरूका आवश्यकताको निम्ति ।

अक्टोबर २०: हाम्रा सहसम्पादकहरू र उहाँका सहयोगीहरूको सुरक्षाको निम्ति ।

अक्टोबर २१: विविध सेवकाइहरूबाट सुसमाचार फैलाउन हाम्रो सिनियर पास्टरको समर्पणताको निम्ति ।

अक्टोबर २२: हामीले अन्य सेवकाइहरूलाई पनि सहायता गर्न सकौं ।

अक्टोबर २३: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारहरूमाथि आशिषको निम्ति ।

अक्टोबर २४: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** हाम्रो बालसंगतिको बालबालिकाको कार्यक्रममा सहभागी भएका नयाँ विद्यार्थीहरूका निम्ति ।

अक्टोबर २५: हाम्रो **बाइबल पत्राचार कोर्स र ईश्वरशास्त्रीय पत्राचार कोर्सको** वृद्धिको निम्ति ।

अक्टोबर २६: हाम्रा सहयोगीहरू र सेवकाइमा उहाँहरूको संलग्नताको निम्ति ।

अक्टोबर २७ हाम्रो प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरूका साथमा उहाँका परिवारहरूमाथि परमेश्वरको कृपाको निम्ति ।

अक्टोबर २८: **नहेम्याह बाइबल कलेजको** संचालन निश्चित गर्नमा उहाँको कृपाको निम्ति कृतज्ञताको साथ ।

अक्टोबर २९: हाम्रो मुख्य मण्डलीमा जवान संगतिको वृद्धिको निम्ति ।

अक्टोबर ३०: हाम्रा मिसनरीहरू र उहाँका परिवारहरूमाथि आशिषको निम्ति ।

अक्टोबर ३१: हाम्रो मुख्य मण्डलीमा पुरुष संगतिमा परमेश्वरको आशिषको निम्ति ।

नोभेम्बर १: कृतज्ञताको साथमा विगतको महिना हाम्रा आर्थिक र आत्मिक आवश्यकता पूरा गरिदिनुभएको निम्ति ।

नोभेम्बर २: हाम्रो सुसमाचारीय छापाखानाको निरन्तर संचालन र यसका कर्मचारीको समर्पणताको निम्ति ।

नोभेम्बर ३: हाम्रा सबै सेवकाइहरूमा परमेश्वरको अगुवाइको निम्ति ।

## कृपया प्रार्थना गरौं...

नोभेम्बर ४: हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजमा** विद्यार्थीहरूको अनुशासन र समर्पणताको निम्ति ।

नोभेम्बर ५: सारा देशहरूमा एकता र शान्तिको निम्ति ।

नोभेम्बर ६: **बोलावटको प्रतिध्वनि** मुख्य मण्डली र यसका शाखाहरूमा भएका विश्वासीहरू र उहाँहरूका परिवारहरूको हीतको निम्ति ।

नोभेम्बर ७ लागुपदार्थको पासोबाट बालबालिका र जवानलाई सुरक्षाको निम्ति ।

नोभेम्बर ८: हाम्रो सहसम्पादकहरू र उहाँका परिवारहरूको स्वास्थ्य र सुरक्षाको निम्ति ।

नोभेम्बर ९: विश्वभरि बालबालिका बेचबिखनको उन्मूलनको निम्ति ।

नोभेम्बर १०: सबै खीष्टियान सेवकाइहरूमा प्रशस्त शक्तिशाली आश्चर्यकर्म, चमत्कार र चिन्हहरूका निम्ति ।

नोभेम्बर ११: हाम्रा साझेदारहरू, प्रान्तीय संयोजकहरू र उहाँका परिवारहरूका निम्ति ।

नोभेम्बर १२: संसारको विभिन्न भागमा प्रभावित भएको आर्थिकमन्दीबाट छुटकाराको निम्ति ।

नोभेम्बर १३: पृथ्वीमा उहाँको राज्य निर्माणको निम्ति केन्द्रित दर्शनको निम्ति ।

नोभेम्बर १४: सीमान्तकृत र अत्याचारमा परेका समुदायहरूको आर्थिक उन्नतिको निम्ति ।

नोभेम्बर १५: संसारभरि भएका मिसनरीहरूमाथि परमेश्वरको ईश्वरीय सुरक्षाको निम्ति ।

नोभेम्बर १६: परमेश्वरको भय मान्ने अगुवाहरूबाट हरेक देश अघि बढाइएको होस् ।

नोभेम्बर १७: हाम्रो सेवकाइहरूसँग सम्बन्धित तलबहरू, छापाखानाका सामानहरू, हुलाक र यातायातका साथै हाम्रा आर्थिक आवश्यकताको संचालनको निम्ति ।

नोभेम्बर १८: सम्पूर्ण विश्वासीहरूको हृदयमा बुझाइको निम्ति ।


# विशेष कार्यक्रमहरु

## उपलब्धी प्राप्तकर्ता अवार्ड:

अप्रिल २७, २०२५ मा सम्बन्धित पेशा र सेवकाइहरूमा विश्वासयोग्यता, मेहेनत र प्रमुख उपलब्धीप्रति कृतज्ञतामा हाम्रा सहकर्मीहरू- बहिनी नागाजोथी, आइपीएस, सम्माननीय न्यायाधीश एगनस र बहिनी सी. मेरी मग्दलिनीलाई उपलब्धी प्राप्तकर्ता अवार्ड प्रस्तुत गरिएको थियो । अवार्ड **बोलावटको प्रतिध्वनि सेवकाइबाट** प्रदान गरिएको थियो ।

## सेवकाइमा मानार्थ डक्टरेट अवार्ड:

सिनियर वकिल एन. बालाजी, रेभ. मोथिस भिनोथ र बहिनी एन्जलीन सेल्भाकुमारी







*Senior Advocate N. Balaji, Rev. M. Mothis Vinoth and Sis. Angeline Selvakumari Henry got Doctorate in Ministry*

हेनरीलाई अगस्त १०, २०२५ मा सेवकाइमा डक्टरेट अवार्ड प्रदान गरिएको थियो । यी अवार्डहरूले उहाँहरूको इमानदारीता, विश्वासयोग्यता र **बोलावटको प्रतिध्वनि सेवकाइहरूबाट** परमेश्वरको सेवकाइमा समर्पित सेवालाई स्वीकार गर्दछ ।

## बोलावटको प्रतिध्वनि सेवकाइको ५७ औं वार्षिकोत्सव:

हाम्रो मुख्य मण्डलीमा अगस्त १०, २०२५ मा **बोलावटको प्रतिध्वनि सेवकाइहरूको** ५७ औं वार्षिकोत्सवको विशेष बैठक गर्दै



*Rev. Dr. Stephen Devakumar and Rev. Dr. J. D. Charles - Special Speakers*

मनाइएको थियो । रेभ. डा. स्टेफन देभाकुमार र रेभ. डा. जे.डी. चार्ल्स पाहुना वक्ताहरू हुनुहुन्थ्यो । उपस्थित भेलाले परमेश्वरको नाउँको महिमा गरेको थियो ।

## बाल अर्पण:

भाइ मोहन र बहिनी रेचलका छोरा, जाबेज जिभान र भाइ शिमशोन र बहिनी एस्तरको छोरा बेनेटिकको निम्ति बाल अर्पणको सेवा संचालन गरिएको थियो ।



*Jabez Jevaan, son of Bro. Mohan & Sis. Rachel*



*Benetic son of Bro. Simson & Sis. Esther.*

## एनबिसी डिप.टिएच. र बी.टिएच. कोर्सहरू:

प्रभावकारी सेवकाइको निम्ति विद्यार्थीहरूलाई सुसज्जित र सबल बनाउन क्रमश: चेपकाउ र सन्थोसापुरमा भएको **नहेम्याह बाइबल कलेजहरूमा** डिप्लोमा इन थियोलोजी (डिप.टिएच.) र ब्याचेलर अफ थियोलोजी (बी.टिएच.) कोर्सहरू उद्घाटन गरिएको थियो ।



*Nehemiah Bible College students in Chepauk*



*Nehemiah Bible College students in Santhoshapuram*

ECHO OF HIS CALL REACHING NATIONS SINCE 1968
नहेम्याह सांझको बाइबल कलेज
भर्नाको लागि छिटो गर्नुहोस् । चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ
योग्यता: दश कक्षा र सोभन्दा माथि
ईश्वरशास्त्रमा डिप्लोमा & Bachelor of Theology
माध्यम: तामिल (Part Time) Hindi (Residential) (Sponsorship Available)
विगत ५६ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
3. **BIBLECOR -** Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Branch Churches: Santhoshapuram, Balaji Nagar & Velachery
7. Great Commission Partners (Network of Pastors)
8. Training Programmes – Seminars & Retreats
9. Crusades
10. Literature Distribution and Follow Up
11. Gospel Printing Press - Publications
12. St. Paul's Matriculation School - Village English High School
13. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
14. **Early Morning Service : 5.30 a.m. Sunday**
15. **Preliminary Service : 8.00 a.m. Sunday**
16. **Tamil Service : 8.30 a.m. Sunday**
17. **Youth Meeting : 11.00 a.m. Sunday**
18. **Fellowship Lunch : 1.00 p.m. Sunday**
19. **Telugu Service : 4.00 p.m. Sunday**
20. **Hindi Service : 5.00 p.m. Sunday**
21. **Tamil & English Service : 6.00 p.m. Sunday**
22. Feedback Time : 7.30 p.m. Sunday
23. Women's Prayer : 5.30 p.m. Wednesday
24. Men's Prayer : 7.30 p.m. Friday
25. Discipleship Meeting : 6.00 p.m. Saturday
26. House Meetings : 6.30 p.m. Tuesday & Thursday
27. Special Holy Communion : 6.00 a.m. 1st day of each month
28. Ministers' Meeting : 5.30 p.m. First Saturday
29. Parents' Prayer : 4.00 p.m. First Sunday
30. Night Prayer : 9.30 p.m. Third Friday
31. Fasting Prayer : 9:30 a.m. Second Saturday
32. Holy Communion : Second Sunday Service
33. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
34. Staff Devotion : 9.00 a.m. daily
35. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

पृष्ठ ४ बाट

परमेश्वरको यति नजिक भएको महसुस गर्थ्यो कि उसले उहाँको उपस्थितिमा घण्टौं बिताउँछ- बाइबल पढ्ने, प्रार्थना गर्ने, आराधना गर्ने र सुसमाचारका गीत र सन्देशहरु सुन्ने । तापनि, अन्य दिनहरुमा उसको मनस्थिति नराम्रो हुन्छ कि उसलाई बाइबल खोल्ने चाहना कम हुन्छ वा त्यसको बारेमा कमै सोच्छ । यो संघर्षलाई कसरी सम्हाल्ने भनेर उसले मलाई सोधेको थियो ।

सायद तपाईंमध्ये केहीले पनि त्यही तरिकामा महसुस गर्नुहुन्छ । मैले उहाँलाई बताएँ यो पासो हो र तपाईं यसमा रहिरनुहुँदैन । यसबाट निस्कने एउटै बाटो योजनाबद्ध छनोट हो- निरन्तर जान, विश्वासयोग्य रहन र तपाईंले जस्तोसुकै महसुस गरे पनि निरन्तर अघि बढ्न ।

कहिलेकाहीँ तपाईंले योजनाबद्ध रुपमा कार्य गर्नु आवश्यक हुनेछ- तपाईंलाई त्यो मन पर्ने महसुस गरेको कारण होइन तर यो आवश्यक छ । कति समयमा, तपाईंले केवल बाहना मात्रै गरिरहेकोजस्तो देखिन सक्छ तर वास्तवमा, हामीले अभ्यास गरिरहेका हुन्छौं । निरन्तरता दिनको लागि अनुशासन आवश्यक हुन्छ र अनुशासन योजनाबद्ध हुनुपर्छ, अन्यथा हामीले मूल्यांकन गुमाउनेछौं ।

त्यसकारण बाइबलले हामीलाई सिकाउँछ कि हामीले जे सुरु गरेका छौं, हामीले त्यो पूरा गर्नै पर्छ- किनभने तब मात्रैले हाम्रा प्रयासको निम्ति हामीले इनाम प्राप्त गर्न सक्छौं । **होसियार रहो, जुन कुराको निम्ति तिमीहरू काम गरिरहेका छौ, त्यो गुमाउने होइन तर पूरा इनाम पाउने होओ** (२ यूहन्ना १:८) ।

विश्वासयोग्यपूर्वक दौड दौडन परमप्रभुले हामीलाई सामर्थ्य प्रदान गरुन् । उहाँले हामीलाई बोलावट

बाँकी पृष्ठ ९ मा

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईंले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं ।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरुमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ । यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ । कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरु/ चेकहरु/ मनी अर्डरहरु **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला ।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

## परमेश्वरले कमजोरको प्रार्थनाको जवाफ दिनुहुन्छ




सन् १९६९.०८.१० बाट परमेश्वरको अनुग्रहद्वारा मैले सेवकाइका तालिम, सुसमाचारीय पर्चा वितरण, प्रार्थना सभाहरू अगुवाइ गर्दै र मण्डलीहरूमा वचन प्रचार गर्दै मेरो सुसमाचारको सेवकाइ सुरु गरेको थिएँ।

परमेश्वरको सेवकको रूपमा मलाई बिरलै कसैले चिन्थे किनभने म जवान र यो क्षेत्रमा नयाँ थिएँ। साथै, सेवकाइमा निरन्तरता दिन मेरो निम्ति आर्थिक कुरा ठूलो बाधा थियो। त्यसकारण, मैले हरेक दिन धेरै किलोमिटर हिँड्नुपर्थ्यो र मेरो सेवकाइलाई निरन्तरता दिन्थेँ। त्यसैले, लामो हिँडाइ र भोकमरी मेरो सेवकाइको भाग र बाकस थियो। सेवकाइ गर्न र सेवकाइको निम्ति सामानहरू किन्न आर्थिक कुराको आवश्यकता ठूलो थियो।

मेरो सेवकाइको सुरुवातदेखि, मेरा कुनै पनि साथीहरू र आफन्तहरूबाट कुनै पनि प्रकारको सहायताको निम्ति अपील नगर्न मसँग बलियो निष्कर्ष थियो। किनभने परमेश्वरले उहाँको कामको निम्ति उपलब्ध गर्नुपर्ने थियो किनकि उहाँले मलाई बोलाउनुभएको छ। आज पनि यही सिद्धान्तमा स्थिर रहन परमेश्वरले मलाई सहायता गर्नुभयो। यसै सिद्धान्तलाई पछ्याउँदै मैले अवर्णनीय कठिनाइ र चुनौतीहरू पूरा गर्नुपरेको थियो। विशेष अवस्थालाई व्यवस्थापन गर्न नसक्ने अवस्थामा पुग्ने गरी म मानसिक र शारीरिक रूपमा प्रभावित भएको थिएँ। मेरो आफन्त स्वर्णराजले यातायात विभागमा मलाई सरकारी जागिरमा लगाउने कोसिस गर्नुभएको थियो र पालापाल्लामका परमेश्वरका जन भाइ कोलिन्स, माथिकोड र मेरो एक जना साथीले गैह्रसरकारी फर्ममा जागिर मलाई खोज्ने कोसिस गर्नुभयो, दुवै प्रयासहरू व्यर्थ भए।



यस्तो अवस्थामा, १९७१.०५.१७ मा मैले उपवास बसिरहेको समयमा परमप्रभुको आत्माले मलाई स्थायी जागिरको निम्ति प्रार्थना गर्न विशेष गरी अगुवाइ गर्नुभयो। प्रार्थनाको परिणामस्वरूप, मैले यस्तो वचनको साथमा बलियो स्वीकार प्राप्त गरें, एक महिनाको समयभित्र म तँलाई स्थायी जागिर दिनेछु र तँ त्यसबाट जीवनयापन गर्न सक्छस्। पवित्रशास्त्र अनुसार, **परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे पनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ। हामीले प्रार्थनामा जेसुकै मागे पनि परमेश्वरले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने यो पनि जान्दछौं कि उहाँलाई हामीले जे मागेका छौं, त्यो हामीलाई प्राप्त भएको छ** (१ यूहन्ना ५:१४,१५)। मैले नयाँ जागिर प्राप्त गर्नेछु भनेर





विश्वास गर्दै त्यसमा सहभागी हुन हरेक सम्भावित तयारी मैले गरें। मेरो क्रियाकलापहरू देख्ने धेरै मानिसहरूले मेरो मानसिक अवस्थाको बारेमा शंका गर्न सुरु गरे। तर त्यसको बारेमा केही पनि वास्ता नगरी मैले पूर्णरूपमा परमेश्वरमाथि विश्वास गरें।

दिनहरू बित्दै जाँदा मैले हरेक दिन हुलाकीलाई व्यग्रताका साथ अपेक्षा गरिरहें। पूरै महिना बितेपछि ठीक १९७१.०६.१८ मा म परमप्रभुमा विश्वास राखेर हुलाक कार्यालय गएं। हुलाकी नेल्लाइआप्पनले मलाई देख्ने बित्तिकै मेरो निम्ति केही पनि छैन भने इसारा गरे। तापनि परमेश्वरको प्रतिज्ञामा रहेर म त्यही बसें र प्रार्थना गरिरहेको थिएं। मलाई आश्चर्यचकित पार्दै केही मिनेटभित्रै





*Farewell by Mr. A. Shenbagam B.E., Chief Inspector of Factories with my co-workers at the time of leaving my Government job in 1994*



*My co-workers when I left my Government job - 1994*

सोही हुलाकीले भने, साम, तपाईंले दर्ता गरिएको पत्र प्राप्त गर्नुभएको छ, दस्तखत गर्नुहोस् र यो लिनुहोस् । पत्र खोल्दा मैले पाएँ कि त्यो **तामिलनाडु सार्वजनिक सेवा कमिसन कार्यालय,** चेन्नाइबाट नियुक्ति पत्र थियो, श्रम विभागमा जानको लागि थियो । केही वर्षअघि मेरो लिखित परीक्षाको परिणाम थियो । मेरो निरन्तरको प्रार्थनाबाट त्यो अघि बढेको थियो र आश्चर्यकर्म भएको थियो । हो, प्रार्थना अचम्म प्रकारको आत्मिक हतियार हो ।

म खुसीसाथ चेन्नाइमा आएँ र जागिरमा गएँ । जागिरबाट आएको मेरो तलबको मुख्य भाग मेरो सेवकाइमा लगानी गरिएको थियो । परमेश्वर र मानिसहरूको निगाहको आधारमा सरकारले मलाई सरकारी सेवाको साथमा मेरो सेवकाइलाई अगाडि बढाउन विशेष अनुमति प्रदान गरेको थियो । पछि, सन् १९९४ मा परमप्रभुले मलाई पूर्णकालीन सेवकाइको निम्ति सरकारी जागिर छोड्न आदेश दिनुभयो र मैले उहाँको बोलावट पालन गरें र पूर्णकालीन सेवकाइमा प्रवेश गरें ।

हाम्रो परमेश्वर असल हुनुहुन्छ । उहाँ समयमा चल्नुहुन्छ । उहाँमा बलियो गरी टाँसिनुहोस् । तपाईंले सफलता प्राप्त गर्नुहुनेछ । उहाँले आज पनि तपाईंलाई स्पष्ट रूपमा हेरिरहनुभएको छ ।

**जसको मन तपाईंमा अडिएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ** (यशैया २६:३) ।

*************

पृष्ठ ६ बाट

दिनुभएको काम पूरा गर्न उहाँले हामीलाई सबल बनाउनुभएको होस् ताकि जब उहाँ तुरहीको आवाजमा फर्कनुहुनेछ, हामीले आफ्ना इनाम प्राप्त गर्न सकौं ।

## ७. परमेश्वरको वचन विरोध गर्नेहरूका विरुद्ध आफूलाई जोगाउनुहोस्

अन्त्यमा, परमेश्वरको राज्यको विरोध गर्नेहरू विरुद्ध आफैंलाई बचाउन पवित्रशास्त्रले हामीलाई सिकाउँछ । पावलले तिमोथीलाई चेतावनी दिएका छन्: **त्यसदेखि तिमी पनि होसियार बस किनकि त्यसले हाम्रो प्रचारको घोर विरोध गऱ्यो** (२ तिमोथी ४:१५) ।

प्रायः बाइबलले हरेकलाई प्रेम गर्न र धैर्य गर्न हामीलाई सिकाएको हुनाले- **हुन सक्छ भने सकेसम्म सबैसँग शान्तिमा बस** (रोमी १२:१८)- हामीले मण्डली र समाजमा दुवैमा सहिरहने कुरामा रहन सक्छौं, जसले ख्रीष्टको शरीरको एकतालाई अवमूल्यन गर्छन् । तापनि, यहाँ, वचन र परमेश्वरको कामको विरुद्धमा काम गर्ने जोकोहीलाई बलियो रूपमा पावलले कसरी चेतावनी दिएका छन् भनेर हामीले देख्छौं ।

तिनले झुटा शिक्षा विरुद्ध आफैंलाई जोगाउन, सक्रिय र सचेत रहिरहन पनि हामीलाई सिकाएका छन् । यी अन्तका दिनहरूमा बाइबलले हामीलाई पहिले नै चेतावनी दिएअनुसार धेरै शिक्षाहरू सत्यता घोषणा गर्नुभन्दा मानिसको मन र चाहनालाई सन्तुष्ट बनाउन प्रस्तुत गरिएका छन् । प्रायः आफ्ना मण्डलीलाई चोट पुऱ्याउने भयको कारण प्रचारहरूले सत्यता बोल्नबाट उम्कन्छन् । परिणामस्वरूप, हरेक स्तरमा सम्झौता देखा पर्छ ।

म प्रायः पत्रुसको निडरतामा अचम्म पर्छु जब तिनले घोषणा गरे, **हामीले मानिसहरूको होइन तर परमेश्वरको आज्ञा पालन गर्नै पर्छ** (प्रेरित ५:२९) । प्रश्नचाहिँ यही हो: आज कति जना अगुवाहरू र विश्वासीहरूले यस्तो भनाइ इच्छापूर्वक भन्न सक्छन् ? सम्पूर्ण विषम परिस्थितिका विरुद्ध खडा हुन के हामीसँग साहस छ ? के हामीले निडरताका साथ भन्न सक्छौं, म यो व्यक्ति वा यो निर्णयलाई स्वीकार गर्नेछैन किनभने यो परमेश्वरको वचनको विरुद्धमा छ ?

यस सन्दर्भमा कुरा यही हो कि यी अन्तिम दिनमा परमेश्वरले हामीलाई आफ्नो सुरक्षा गर्न बोलाउनुहुन्छ ।

प्रिय मित्रहरू, हामीले सात क्षेत्रहरूमा मनन गरेका छौं, जहाँ बाइबलले हामीलाई आफ्ना जीवन सुरक्षा गर्न निर्देशन दिएको छ । मेरो प्रार्थना यही हो कि परमेश्वरको वचनमा बलियो रूपमा स्थिर भएर खडा हुन र आफैंलाई जोगाउन परमेश्वरले हामीलाई बुद्धि र साहस प्रदान गर्नुहुनेछ- किनकि उहाँको आगमन झन् नजिकै छ ।

परमेश्वरले तपाईं सबैलाई आशिष् देऊन् ।

*************

**NOTICE**

Save our mobile numbers (+91) 98410 71858, (+91) 98412 71858 (main numbers) in your mobile phones.

- Editor

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## Echo of His Call

**YouTube**
Please subscribe

Kindly view and subscribe our **Echo of His Call YouTube Channel** when you get time. Thanks.
- Editor

## OUR BANK DETAILS:

***1. Bank : State Bank of India***

| | |
|---|---|
| Branch | : **Triplicane, Chennai-5** |
| Name | : **S. Sam Selva Raj** |
| A/C No. | : **1023 2934 679** |
| IFSC | : **SBIN 00 00 249** |
| SWIFT CODE | : **SBI NIN BB 455** |

***2. Bank : ICICI Bank***

| | |
|---|---|
| Branch | : **Anna Salai, Chennai-6** |
| Name | : **Echo of His Call** |
| A/C No. | : **6038 0502 2319** |
| IFSC | : ICIC 000 6038 |

***3. Bank : State Bank of India***
**(This Account is for Tax Exemption for Indians only )**

| | |
|---|---|
| Branch | : **Triplicane, Chennai-5** |
| Name | : **Echo of His Call Educational Trust** |
| A/C No. | : **1023 2923 805** |
| IFSC | : **SBIN 00 00 249** |

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

**Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.**

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/24-26
WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS Patrika Channel"
on 16th OCTOBER 2025.

If un-delivered please return to:
**ECHO OF HIS CALL (NEPALI)**
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**